**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०५ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. आज शिक्षक दिवस पालन गरियो। मुख्यमंत्री ममता व्यानर्जीले शिक्षक दिवसको बधाई दिनुभएको छ। जीटिए प्रमुख अनित थापाले पनि बधाई दिनुभएको छ।

२. राष्ट्रपति द्रौपदी मुर्मुले उत्कृष्ट सेवा प्रदान गर्ने देशभरी ४५ शिक्षकहरूलाई आज राष्ट्रिय शिक्षक पुरस्कारले सम्मानित गर्नुभयो।

३. जीएसटि करमा कटौतीलाई दार्जीलिङ पहाड़ लगायत तराई डुर्वसका मानिसहरूले स्वाग जनाएका छन्।

४. बीरपाड़ामा इन्द्रयात्रा भव्य रूपमा नेवार संगठनद्वारा पालन।

५. विगत दुई वर्षदेखि बन्द मगरजोंग चियाबारी आज देखि पुनः खोलियो।

**शिक्षक दिवस**

आज शिक्षक दिवस हो।यो दिवस शिक्षाविद् एवम पूर्व राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णनको जयंतीको अवसरमा मनाईने गरिन्छ ।

(बाईट)

***शिक्षकहरूलाई विशेष सम्मान दिन शिक्षक दिवस मनाइन्छ। भारतमा भूतपूर्व राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णनको जन्मदिनलाई शिक्षक दिवसको रूपमा मनाइन्छ। उहाँ एक महान शिक्षक र दार्शनिक हुनुहुन्थ्यो। उहाँले आफ्नो जीवनको अधिकांश समय शिक्षाको प्रचार प्रसारमा लगाउनुभयो। त्यसैले राष्ट्रपति बनेकोमा बधाई दिंदा उहाँले भन्नुभएको थियो उहाँको जन्मदिनलाई यदि शिक्षक दिवसको रूपमा मनाइएमा उहाँलाई धेरै खुसी हुने छ। त्यसपछि, यसलाई सरकारले मान्यता दियो र हरेक वर्ष 5 सेप्टेम्बर शिक्षक दिवसको रूपमा मनाइन्छ। यो दिन हामीलाई हाम्रा शिक्षकहरूप्रति कृतज्ञता व्यक्त गर्नका लागि प्रेरणा दिंदछ। गुरुजनहरुको हाम्रो जीवनमा धेरै महत्त्वपूर्ण योगदान छ।आकाशवाणीको तर्फबाट, सबैलाई शिक्षक दिवसको शुभकामना र सबै गरुजनहरूलाई सादर नमन..."***

**राष्ट्रपति शिक्षक दिवस**

राष्ट्रपति द्रौपदी मुर्मूले महिलाहरूलाई विकासमा नेतृत्वदायी भूमिका दिने सबैभन्दा प्रभावकारी उपाय भनेको बालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु रहेको बताएकी छन्। नयाँ दिल्लीमा आज आयोजित राष्ट्रिय पुरस्कार समारोहलाई सम्बोधन गर्दै राष्ट्रपतिले बालिकाको शिक्षालाई उच्च प्राथमिकता दिनुपर्ने र परिवार, समाज र राष्ट्रको विकासमा बालिका शिक्षाको अमूल्य योगदान रहेको बताइन । राष्ट्रपति मुर्मूले हालैको समय उच्च शिक्षामा भर्ना हुने बालिकाको सङ्ख्यामा वृद्धि भएकोमा खुशी व्यक्त गरिन । राष्ट्रपति मुर्मुले शिक्षाले कमजोर वर्गका बालबालिकालाई सशक्त बनाउनुका साथै उनीहरूको प्रगतिका लागि मार्ग प्रशस्त गर्ने बताइन् । खाना, लत्ताकपडा र आवासजस्तै व्यक्तिको मर्यादा र सुरक्षाका लागि पनि शिक्षा आवश्यक रहेको उहाको भनाइ थियो । राष्ट्रपति भण्डारीले राष्ट्रिय शिक्षा नीतिले विद्यालय तहमा शिक्षालाई सर्वसुलभ र सहज बनाउन विशेष जोड दिएको बताइन्

**प्रधानमंत्री शिक्षक दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय शिक्षक पुरस्कार प्राप्त गर्ने सबै शिक्षकहरूलाई बधाई दिनु भएको छ। श्री मोदीले उनीहरूको चसन उनीहरूको कडा परिश्रम र अटूट समर्पणको प्रतीक भएको बतानुभयो। प्रधानमन्त्रीले भन्नुभयो शिक्षकहरूले वर्तमान मात्र नभएर राष्ट्रको भविष्यलाई पनि नया रूप दिंदछन।

**जीएसटी परिषद**

जीएसटी परिषद्ले तीन सेप्टेम्बरमा जीएसटी दरहरूको युक्तिसंगत बनाउनलाई मंजूरी दिईएको थियो।यो निर्णय आम नागरिकलाई ध्यानमा राखेर गरिएको हो। यी सुधारहरू पछि, अब अप्रत्यक्ष कर प्रणालीमा केवल 5 र 18 प्रतिशतका दुई स्ल्याब मात्र रहेका छन्।यद्यपि, चालीस प्रतिशतको एक अन्य स्ल्याब तंबाकू र विलासिता संबंधी वस्तुहरूमा लगाइएको छ।यी सुधारहरूले कैयन क्षेत्रहरूमा कर दरहरू घटाएका छन् र नागरिकहरूको जीवनलाई सजिलो बनाएको छ। यसै क्रममा, आज हामी शिक्षा क्षेत्रमा भएका सुधारहरूबारे छलफल गर्नेछौं।

(बाईट)

जीएसटी परिषदले बालबालिकाको शिक्षासित सम्बन्धित कैयन स्टेशनरी उत्पादहरूलाई जीएसटीको दायराबाट बाहिर राखेको छ र यसको मूल्य चाँडै घट्नेछ। कपी, पेन्सिल, शार्पनर, ग्राफ बुक, नक्सा, ग्लोब र नोटबुक जस्ता वस्तुहरू, जसमा पहिला 12 प्रतिशत जीएसटी लाग्दथियो, अब करमुक्त गरिएको छ।यसबाहेक, जमेट्री बक्स र कलर बक्स जस्ता स्टेशनरी समानहरूमा जीएसटी दर 12 प्रतिशतबाट घटाएर 5 प्रतिशत गरिएको छ।केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले कैयन वस्तुहरूबाट जीएसटी हटाइएको बताउनु भयो ।अन्य वस्तुहरूमा यसलाई पाँच प्रतिशत गरिएको छ। उहाँले यसले शिक्षाको क्षेत्रमा आम नागरिकहरु माथि पर्ने आर्थिक बोझ कम गर्ने बताउनु भयो।

**मगरजोङ चियाबारी आज देखि संचालणमा**

दुई वर्षको बन्दी पछि मगरजोङ चियाबारी आज देखि पुनःसंचालणमा आएको छ। मगरजोङ चियाबारी विगत 2023को 28 सेप्टेम्बरको दिन 20 प्रतिशत बोनस मागको क्रममा बन्द भएको थियो। 2 वर्ष सम्म मगरजोङ चियाबारीका श्रमिकवर्गले विभिन्न दुख अनि असुविधाहरु सामना गरे। अन्ततः गोर्खाल्यान्ड क्षेत्रिय प्रशासन अनि विभिन्न श्रमिक संगठनहरुको बेजोड प्रयासले आजबाट उक्त चियाबारी नागरी टिइ कम्पनी मर्फत पुनः संचालणमा आएको छ। श्रमिक अनि कर्मचारी वर्गलाई आगामी 20 सेप्टेम्बर भित्रमा 2022 को 19 प्रतिशत , जम्म 58 लाख रुपैया बोनस प्रदान गरिने भएको छ भने रहेका प्रोभिडेन्ट फण्ड, ग्रेजेटी, रिटाइरमेन्ट, पेन्सनको पनि चाडै समाधान गरिने बताइएको छ। ड्राइ सिजन तथा पत्ती नभएको समय चियाबारी संचालण गर्ने मालिक पाएको कारण चियाबारी लामो समयको निम्ति चल्ने संकेत पाएको स्थानीयले जनाएको छ।

**मिरिक कलेज रजत जयन्ती**

5 सेप्टेम्बर 2000 सालदेखि संचालनमा आएको मिरिक कलेजले शिक्षक दिवसको अवसरमा शुक्रबार विविध कार्यक्रमको साथमा स्थपनाको पच्चीसबर्ष पुरा गरेकोमा रजत जयन्ती पालन गरेको छ। कलेज संचालन समितिका अध्यक्ष श्रीमती पुनम विश्वले अध्यक्षता गरेको कार्यक्रमको संचालन प्राध्यापकहरू सफल राई अनि विक्रम राईले गरेका थिए भने मुख्य अतिथि गाेर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा थिए। कार्यक्रममा मिरिक महकुमा शासक, कार्यकारी सभासद अरूण सिग्ची,सभासदहरू मिलेस राई, धुर्ब बम्जन, मिरिक नगरपालिका अध्यक्ष एलबी राई, जनसम्पर्क अधिकारी विवेक गोले ,मिरिक पन्चायत समितिका निर्वाचित प्रतिनिधिहरू,ग्राम पन्चायतका निर्वाचित प्रतिनिधिहरू, मिरिकका विभिन्न संघ संस्था,शैक्षिक संस्थानका प्रतिनिधिहरू,मिरिक कलेजका संस्थापकहरू, भूतपूर्व बिध्यार्थीहरू लगायत अन्यको व्यापक उपस्थिति रहेको थियो।

**खरसाङमा मुस्लिम**

खरसाङमा मुस्लिम समुदायद्वारा प्रफेट मोहम्मदको 1500 औं जन्म जयन्ती हर्षोल्लासका साथ पालन गरिएको छ। प्रत्येक वर्ष झैं यसपाली पनि जोश र हर्षोल्लासका साथमा खरसाङको अञ्जुमान ई-ईस्लामियाको आयोजनामा मोहम्मदको 1500 औं जन्म जयन्ती पालन गरिएको छ। यस अवसरमा खरसाङमा रैली निकालिएको छ। उक्त रैली खरसाङ बजारमा रहेको मस्जिदबाट शुरु भएर बस टर्मिनलसम्म पुगेर पुनः मस्जिदसम्म आएर समाप्त भएको छ। त्यसपछि शुक्रबार परेकोले नमाज पढेर मास प्रार्थना पनि गरिएको जानकारी प्राप्त भएको छ। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै अञ्जुमान ई-ईस्लामियाको मौलाना मोहम्मद जहिरिदुनले खरसाङमा हरेक वर्ष झैं यसपाली पनि जोश र हर्षोल्लासका साथमा मोहम्मदको 1500 औं जन्म जयन्ती पालन गरिएको बताएका छन्। उनले मानिसहरुले अमन र जोशका साथमा रैलीमा भाग लिएको बताउँदै प्रशासनप्रति आभार प्रकट गरेका छन्।

**स्वतन्त्र नारी समूह कालेबुङ**

वर्तमान समय नानीहरू हराइरहेको घटनालाई गम्भीरतापूर्वक लिदै प्रशासन अनि सरोकार पक्ष सजक हुनुपर्ने आवश्यकता रहेको बताउँदै स्वतन्त्र नारी समूह कालेबुङको टोलीले थाना प्रभारी अनि पुलिस अधिकारी समक्ष ज्ञापन बुझाएका छन्। यो विषयको सही छानबिन गरिनु पर्ने माग गर्दै ज्ञापन पत्र बुझाएको जानकारीमा आएको छ। यसका साथै अभिभावक अनि स्कुल पक्ष पनि सजक भएर नानीहरुमाथि नजर राख्नु पर्ने स्वतन्त्र नारी समूहद्वारा अपील गरिएको छ।

**घूम बाल प्राथमिक पाठशालामा उत्साहपूर्वक शिक्षक दिवस सम्पन्न।**

भारतका प्रथम उपराष्ट्रपति तथा दोस्रो राष्ट्रपति रहेका विद्वान शिक्षक, प्रसिद्ध दार्शनिक स्वर्गीय डा. सर्वपल्ली राधाकृष्णनको जन्म जयन्तीको अवसरमा सन् १९६२ देखि हरेक वर्ष ५ सेप्टेम्बरका दिन शिक्षक दिवस मनाउँदै आइएको छ। यही अवसरमा आज घूम बाल प्राथमिक पाठशालामा पनि शिक्षक दिवस उत्साहपूर्वक मनाइएको प्रधानाध्यापक साङ्गे डुक्पाले जानकारी दिनुभयो।कार्यक्रमको शुरुवातमा डा. राधाकृष्णनको तस्वीरमा खादा अर्पण गरी दियो प्रज्वलन गरिएको थियो। त्यसपछि विद्यार्थीहरूले गुरुवन्दना गरेर कार्यक्रम आरम्भ गरे।यस अवसरमा विद्यालयका विद्यार्थीहरूद्वारा समूहगत रूपमा गीत, नृत्य, कविता आदि प्रस्तुत गरियो।

**बिरपाड़ामा पहिलो पटक नेवारी इन्द्रजात्रा भव्य रूपमा सम्पन्न हुँदै।**

अखिल भारतीय नेवार संगठनद्वारा यसपाली पहिलो पटक पश्चिम बंगालको बिरपाड़ामा नेवारी समुदायको महान पर्व इन्द्रजात्रा भव्य रूपमा सम्पन्न भइरहेको छ। इन्द्रजात्रा दर्शन तथा रथ तान्नका लागि दार्जीलिङ जिल्लाको खरसाङ, नागरी फार्म, मिरिक, सालबारी, मेथीबारी, रोहिणी, सोनादा लगायत क्षेत्रहरूबाट श्रद्धालु तथा नेवार परिवारहरू सहभागी भइरहेका छन्। साथै कालेबुङ जिल्लाबाट पनि ठूलो संख्यामा नेवार समुदायको सहभागिता भइरहेको छ।अखिल भारतीय नेवार संगठनले सिक्किम राज्यमा पनि हरेक वर्ष भव्य रूपमा इन्द्रजात्रा मनाउँदै आएको छ। यस वर्षको इन्द्रजात्रा विशेष उत्साहपूर्ण देखिएको छ, जसको कारण युवायुवतीहरूको सक्रिय सहभागिता  रहेको छ। उनीहरूले नेवारी संस्कार, संस्कृति, भाषा र इन्द्रजात्राको महत्त्वबारे चर्चा तथा संवाद कार्यक्रमआदि आयोजना गरेका छन्।